प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
# जिरी प्राविधिक शिक्षालय
जिरी, दोलखा

जिरी प्राविधिक शिक्षालय जिरी-५, दोलखा स्थापित: २०३६

फोन नं. ०४९४०००६३
फ्याक्स: ०४९४०००६४
ईमेल: jiritechnicalschool@yahoo.com
मिति: २०७७।०४।०२

प.स. ०७७/७८
च.न ०१

## विषय : सूचि दर्ता सम्बन्धी सूचना।
### प्रथम पटक प्रकाशित मिति २०७७।०४।०२

जिरी प्राविधिक शिक्षालय जिरी, दोलखालाई आगामी आ. व. २०७७/७८ भरी तपशिलमा उल्लेख भए बमोजिमका सामानहरु सरल, सुलभ तथा गुणस्तरीय र सुपथ मुल्यमा सप्लाई तथा सेवाहरु आपुर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था, निर्माण व्यावसायी वा कम्पनीहरुबाट सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची ( स्टान्डिङ्ग लिष्ट) दर्ता गर्नका लागि रू १०।– को टिकट टाँसी यस शिक्षालयमा अनुसूची - २ क. बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शिक्षालयलाई आवश्यक पर्ने सामान तथा सेवाहरु :

(१) स्टेशनरी तथा मसलन्द सामानहरू।
(२) कृषि उपकरण र सामानहरु।
(३) विधुत, ईलेक्ट्रीकल, सर्वेका उपकरण र सामानहरु।
(४) प्लम्बिङ, स्यानिटेशन र निर्माण सामाग्रीहरु।
(५) कम्प्यूटर, प्रिन्टर तथा कम्प्युटरको पार्टस तथा मर्मत सम्भार सम्वन्धी कार्य।
(६) फर्निचर तथा फर्निसिंङ सामान सप्लाई।
(७) छपाई तथा सूचना प्रकासन सम्वन्धी सेवा।
(८) स्वास्थ्य क्लिनिक तथा औषधी तथा सामानहरु।
(९) हलुका सवारी साधनको पार्ट-पूर्जा र मर्मत संभार।
(१०) स्वास्थ्य, निर्माण, कृषि (बाली बिज्ञान तथा पशु बिज्ञान ) विषयका प्रयोगात्मक उपकरण र सामानहरु।
(११) स-साना निर्माण तथा मर्मत सम्वन्धी सेवा।
(१२) पुस्तक तथा पत्रिका सप्लाई सम्वन्धी।
(१३) कम्प्युटर सफ्टवेयर तथा प्रोग्रामिङ सम्वन्धी कार्यहरू।
(१४) इन्टरनेट नेटवर्किङ, सुरक्षा संयन्त्र जडान, ई कक्षा जडान तथा सफ्टवयेर सर्भिस प्रोभाइडर सम्बन्धी कार्य।
(१५) सूरक्षा तथा सरसफाई सेवा सम्बन्धी
(१६) परामर्श सेवा सम्वन्धी : (क) निर्माण सम्वन्धी नक्सा, डिजाइन, ड्रइङ खरीद सम्वन्धी कार्य।
(ख) अन्य परामर्ष सेवा खरीद सम्वन्धी कार्य।
(१७) विविध

**पेश गर्नु पर्ने कागजातहरु :**

(क) संस्था वा फर्म दर्ता प्रमाणपत्र ,
(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र ,
(ग) कर चुक्त प्रमाणपत्र (आ.व. २०७५/०७६ को ) र
(घ) आवश्यकता अनुसारको व्यवसायिक ईजाजतपत्र।

शर्तहरु:

क) आफ्नो फर्म वा संस्थाले जुन कार्य गर्न वा सामान आपूर्ति गर्न वा सेवा प्रदान गर्न इजाजत प्राप्त गरेको हो सोही समूहको लागि मात्र सूची दर्ता गराउन सक्नेछ। एक भन्दा बढी समूहको लागि भए प्रत्येक समूहमा छुट्टा छुट्टै निवेदन दिइ सूची दर्ता गराउनु पर्ने छ।

(ख) सप्लायर्सहरुको आफ्नो कार्यालय वा पसल अनिवार्य रुपमा हुनुपर्ने छ।

(ग) निवेदनमा पसलको सम्पर्क व्यक्तिको नाम, ठेगाना, टेलीफोन नम्बर, फ्याक्स् नं. तथा ईमेल आईडी प्रष्टसंग अनिवार्य लेख्नु पर्ने छ।

(घ) **शिक्षालयको लागि कुनै किसिमको सहुलियत दिने भए सो समेत उल्लेख गर्नु पर्ने छ।**

(ङ) परामर्श तथा अन्य सेवातर्फ व्यक्तिले निवेदन दिदा अनिवार्य रूपमा वाँयोडाटा र पान दर्ताको प्रतिलिपि संलग्न गर्नुपर्ने छ।

(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको र कालो सूचीमा नपरेको व्यहोरा फर्म, कम्पनी वा संस्था स्वयमले घोषणा गरी निवेदन दिनु पर्नेछ।

(छ) रीत नपुगेका निवेदकलाई मान्यता दिइने छैन।

(ज) प्राप्त निवेदनहरू सूचीकृत गर्ने वा नगर्ने अधिकार यस शिक्षालयमा निहित रहने छ।

(झ) सूचीकृत भएका फर्म, कम्पनी वा संस्थाको नाम यस शिक्षालयको सूचना पाटीमा टाँस गरीने छ।

(ञ) यस सूचनामा नभएका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछन।

अन्जना घिमिरे
नि.शिक्षालय प्रमुख

**अन्य जानकारीकाको लागि :**

जिरी प्राविधिक शिक्षालय जिरी, दोलखा
फोन नम्बर ०४९४०००६३, फ्याक्स नं. ०४९-४०००६४
Email: jiritechnicalschool@gmail.com / jiritechnicalschool@yahoo.com
Web site: www.jiritechnicalschool.com / jts.edu.np